"समृद्ध पुतलीबजार सुखी नगरवासी"

# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

स्याङ्जा
स्था: २०७३

## दरभाउपत्र आब्हान सम्बन्धी सूचना

**सुचना प्रकाशित मिति २०७८।९।१५**

स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी पुतलीबजार नगरपालिकाको नवौं नगर सभाको निर्णय अनुसार यस नगरपालिकाको आ.व. २०७८।७९को बाँकी अवधिको लागी पुतलीबजार नगरपालिका वडा न.. १ मा रहेको सिटीहलको खाली जग्गामा पार्किङ्ग शुल्क संकलन गर्ने र केही कोठा भाडामा लगाउने तथा सिटीहलको अगाडी मालपोत लाईन तर्फ (मूख्य गेटबाट जिल्ला समन्वयको सपिङ कम्पेक्ससम्म) अस्थाई प्रकृतिको भौतिक संरचना निर्माण गरी संचालनको लागि उचित प्रस्तावको लागि यो सूचना प्रकाशन गरिएको छ । तपसिलमा तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना आव्हान गरिन्छ ।

**तपसिल**

| क्र.सं | ठेक्का नं. | ठेक्काको नाम | आ.व.२०७८।७९को लागि न्यूनतम अंक रु. | आगामी आ.व.२०७९।८०को लागि न्यूनतम अंक रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ८/०७८/७९ | **प्रस्ताव (क)** सिटिहलको खाली जग्गामा पार्किङ्ग शुल्क संकलन तथा सभाहलको वेसमेन्टको कोठाहरु र माथिल्लो तलाको १ कोठाको भाडामा लिने प्रस्ताव | १,४३,३०९।- (मु.अ.कर नलाग्ने)<br>१,१६,२०४।- (मु.अ.कर लाग्ने, मू.अ.कर बाहेक) | ३,३३,२६४।- (मु.अ.कर नलाग्ने)<br>२,०९,८८६।- (मु.अ.कर लाग्ने, मू.अ.कर बाहेक) | १,०००।- |
| | | **प्रस्ताव (ख)** सिटिहल कम्पाउण्ड भित्रको खालीजग्गा (मालपोत लाईनको हालसेडको रुपमा रहेको मूख्य गेटबाट तल समन्वयको सपिङ कम्प्लेक्ससम्म) मा अस्थाई रुपमा भौतिक संरचना वनाई संचालनमा ल्याउने प्रस्ताव | २०,०००।- (मासिक, मु.अ.कर नलाग्ने) | | |

**शर्तहरु :-**

(१) दरभाउपत्र पेश गर्दा प्रस्ताव (क) मात्र वा सोको साथै प्रस्ताव (ख) समेत समावेश गरी प्रस्ताव पेश गर्न सकिनेछ । तर प्रस्ताव (ख) मात्र सञ्चालन गर्ने गरी पेश भएको प्रस्ताव स्वीकार गर्न सकिने छैन ।

(२) अस्थाई रुपमा भौतिक संरचना वनाई संचालनमा ल्याउने प्रस्तावदाताले भौतिक संरचना आफैले निर्माण गर्नु पर्नेछ । साथै निर्माण भएका संरचना मर्मत संहार, संचालन तथा कुनैपनि किसिमको खर्च नगरपालिकाले व्यहोर्ने छैन । भौतिक संरचनाको निर्माणको लागि बढीमा ३ महिना अवधि लाग्ने अनुमान गरी यस वर्षको शुरु ३ महिनाको मासिक भाडा लिईने छैन ।

(३) दुबै कार्यक्रमको लागि संयुक्त प्रस्तावको रुपमा प्रस्ताव आएमा सञ्चालन अवधि कम्तीमा ५ वर्ष हुनेछ । सो भन्दा बढी कती समयसम्म सञ्चालन गर्न दिन सकिने भन्ने नगरपालिकाको निर्णय अन्तिम हुनेछ । सम्झौताको अवधी दुवै पक्ष (प्रस्तावदाता तथा नगरपालिका) को आपसी सहमतीमा वढाउन सकिने छ । साथै सम्झौताको अवधि कै बीचमा नै प्रस्तावदाताले छोडेमा सो संरचनाको क्षतिपुर्ति पाईने छैन । सम्झौता अवधी सकिए पछि सो संरचनाको किताब अंकित मूल्य (Book Value) का आधारमा नगरपालिकाले लिनेछ ।

(४) प्रस्ताव (क) सञ्चालन गर्न यस आर्थिक वर्ष भन्दा बढी अवधिको लागि प्रस्ताव पेश भएमा वा दुबै प्रस्ताव संयुक्तरुपमा सञ्चालन गर्ने गरी प्रस्ताव आएमा प्रत्येक २/२ वर्षमा दुबै भाडा रकममा १० प्रतिशतका दरले वृद्धि हुनेछ ।

(५) दरभाउपत्र पेश गर्दा दरभाउपत्र पेश गर्ने व्यक्तिको हकमा स्थायी लेखा नं. र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी मिति २०७८/९/२९ गतेसम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ, भने दरभाउपत्र मिति २०७८/९/३० गते मध्यान्ह १२.०० बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । पेश हुन आएका दरभाउपत्र सोही दिन अपरान्ह २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र पेश गर्ने तथा खोल्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

(६) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्गजा स्थित ०७२०३०००००००३००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

(७) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ

(८) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले यस वर्षको लागि कवोल गरेको रकम एकमूष्ठ रुपमा बुझाउनु पर्नेछ । सो रकम दाखिला पछि प्रस्तावदातासंग सम्झौता गरी यस वर्षको लागि कार्यदेश दिईनेछ । आगामी वर्षको हकमा वार्षिक रुपमा दाखिला गर्नु पर्ने रकम प्रत्येक वर्षको आषाढ मसान्त भित्र र पौष मसान्त भित्र दुई किस्तामा दाखिला गर्न सक्नेछ । आषाढ मसान्त भित्र एकमुष्ठ रुपमा दाखिला गरेमा सो वर्षको लागि कार्यादेश दिई कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ । तर न्यूनतम रकम भन्दा कम हुने गरी छुट दिईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ । प्रत्येक वर्षको लागि तोकिएको समयमा दाखिला गर्नु पर्ने रकम दाखिला नगरेमा कुनै पनि समय कार्यालयले ठेक्का रद्द गर्न सक्नेछ ।

(९) पार्किङ्ग शुल्कको हकमा नगरपालिकाले तोकिदिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । संझौतामा उल्लेख नभएको र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ । दरभाउपत्रदाताले कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरि सूचना पाटीमा टाँस्नु पर्नेछ । ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पुर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ ।

(१०) दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा वुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

(११) विगत वर्षहरुमा नगरपालिकाको कुनै पनि ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरेसम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्र्यौट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् । नगरपालिकाबाट कालो सूचीमा परेका व्यक्ति वा फर्मले दरभाउपत्र पेश गर्न पाईने छैन ।

(१२) उक्त स्थानमा पक्की संरचना वनाउन पाईने छैन प्रस्तावमा पेश भै स्वीकृत भए अनुरुप अस्थाई प्रकृतिको मात्र भौतिक संरचना निर्माण गर्न पाईने छ सो संरचना निर्माण कर्ताले भाडामा समेत लगाउन सक्नेछ ।

(१३) प्राप्तदरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(१४) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्रदाताले राखेको धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

(१५) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

पुरुषोत्तम शर्मा

प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगर कार्यपालिकाको कार्यालय, स्याङ्जा